

नेताप्रतिको वितृष्णा किन बढ्दैछ ?

ओमप्रकाश गौतम
omgautam497@gmail.com

पृष्ठ २

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**



दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

**गंगा ट्राभल्स एण्ड टुर्स**



**हाम्रा सेवाहरु:**

- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

**Are you going to India ?**
**Special Pre Purchase fare for India**
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air



बागडोगरा

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,

सम्पर्क:
**गंगा ट्राभल्स एण्ड टुर्स,**
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

वर्ष-२० | अंक - १४० | २०८२ जेठ ०९ गते शुक्रबार | Friday, 23 May, 2025 | मूल्य ७ /-

## रेलमार्ग पीडितले अझै पाएनन् न्याय

### पाँचवर्षमा पनि मुआब्जा नपाएको गुनासो

♦विमल लामिछाने

**दमक/** पूर्वपश्चिम विद्युतीय रेलमार्ग अन्तर्गत काँकडभिट्टा-इनरूवा खण्डको ८ सय विगाह बढी जग्गाको मुआब्जा नपाउँदा झण्डै ५ हजार घर परिवार प्रभावित बनेका छन् । ५ बर्ष देखि सरकारले जग्गा रोक्का राखेपछि हजारौं घर परिवारमा समस्या आएको उनीहरूले गुनासो पोखेका छन् ।

झण्डै ६ सय हेक्टर जग्गामा रहेका हजारौं घर परिवारलाई भएको पैतृक सम्पति पनि वैंकिङ कारोवार गर्न नपाउँदा ठूलो समस्या भएको छ । जग्गा जमिन भएरपनि वितीय कारोवार गर्न नपाउँदा बिरामीको उपचार समेत गर्न नपाएको गुनासो स्थानीय पिडीतले गरेका छन् ।

कमल ६ का पीडित समेत रहेका कानुन ब्यवसायी विमल संग्रौलाले रेल्वेको नाममा राज्यले जनताको जग्गा कब्जा गरेर अन्याय गरेको बताए । उनले नेताहरू पटक पटक समाधानको आश्वासन लिएर आउने गरेपनि पिडितले न्याय पाउन नसकेको गुनासो गरे । 'नेता आउँछन् आश्वासन बाँड्छन् र जान्छन्, यो पटकको बजेटमा समेट्छौ भनेका छन् हेरौं' उनले भने ।

काँकडभिट्टा देखि इनरूवासम्म १०६ दशमलव ५९ किलो मिटर रेलमार्गमा ४ हजार भन्दा धेरै घर तथा अन्य संरचना प्रभावति भएको देखिएको छ । तत्काल मुआब्जा वितरण नगरे थप समस्या आउने पूर्वपश्चिम रेलमार्ग प्रभावित तथा मुआब्जा समन्वय समितिका संयोजक डा. लक्ष्मीप्रसाद मैनालीले बताए । मैनालीका अनुसार सरकारले तत्काल रेलमार्गको योजना संचालन नगर्ने हो भने परियोजना नै खारेज गर्दा राम्रो हुने बताए । उनले यो विषय उठान भएपछि ३ पटक प्रधानमन्त्री फेरिए र चरण - चरण गरी २२ पटक यो विषयलाई लिएर प्रधानमन्त्री भेट्न काठमाण्डौ पुगेपनि सुनुवाई नभएको गुनासो गरे । उनले भने- '२२ पटक त काठमाण्डौ गयौं, हिजो मात्रै पनि मन्त्री देवेन्द्र दाहाललाई फोन गरेको र फोन नउठेपछि म्यासेज मार्फत जानकारी गराएको छु, तर सरकार सकारात्मक छैन, झापा, मोरङ र सुनसरीमा गरी ६० अरब मुआब्जा बापतको रकम चाहिन्छ, सरकारले बजेटमा नौ करोड मात्रै विनियोजन गरेको सुन्नमा आएको छ, भनेपछि कसरी न्याय पाइन्छ ?' उनले भने ।

झापाको विर्तामोड निवासी पिडीत दुर्गा काफ्लेले अब अदालतमा मुद्धा हाल्नुको विकल्प नभएको बताए । उनले भने- 'अब लामो समयसम्म पिडीत भएरपनि न्याय नपाउनु भनेको सरकारको बाँकी ४ पेजमा ▸▸

**संक्षेप**

### प्रसाईलाई दुई दिन म्याद थप

तीनकुने घटनामा पक्राउ परेका दुर्गा प्रसाईंलाई थप दुई दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ । जिल्ला अदालत काठमाडौँले बिहीबार प्रसाईंलाई थप दुई दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको हो । प्रहरीले तीनकुने घटनाका आरोपी प्रसाईंसहित ५३ जनालाई म्याद थपका लागि अदालतमा पेश गरेको थियो । अदालतले दुई दिन म्याद थप गरेको हो ।

### बढ्यो शेयरबजार

**दमक/** साताको कारोबारको अन्तिम दिन आज सेयर बजारमा दोहोरो अंकको वृद्धि भएको छ । आज नेप्से परिसूचक १९ दशमलव ०४ अंकले बढेर २६८८ दशमलव ५५ को विन्दुमा पुगेको हो । बिहीबार ३१४ कम्पनीका ८६ हजार ६८५ पटकको कारोबारमा २ करोड २३ लाख ९६ हजार ३२९ कित्ता सेयर खरिद बिक्री भएको छ । जसमा कारोबार रकम ९ अर्ब ८२ करोड २० लाख ७० हजार ६८२ रूपैयाँ रहेको छ । १०४ कम्पनीको सेयर मूल्य बढ्दा १४२ कम्पनीको घटेको छ भने एक कम्पनीको मूल्य स्थिर रहेको छ । १३ उपसमूहमध्ये चार वटा बढ्दा बाँकी रातम्मे छन् । आज नगदी ग्रुप पावरमा लगानीकर्ता झुम्मिएका छन् ।

### पेस्तोलसहित पक्राउ

दमक । आँबुखैरेनी गाउँपालिका-४ बेनिटारबाट मेड इन युएसए लेखिएको पेस्तोल १ थान, गोली १ राउण्ड र म्याग्जिन १ थान सहित २ जनालाई बिहीबार दिउसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा नवलपरासी पूर्व गैंडाकोट नगरपालिका-१२ हर्कपुर बस्ने २५ वर्षीय मिलन ढकाल र चितवन माडी नगरपालिका-७ गौरी नगर बस्ने ३२ वर्षीय बिजय तिवारी रहेका छन् ।

### नहरमा डुबेर युवकको मृत्यु

इटहरी । सुनसरी मोरङ चतरा नहरमा डुबेर एक युवकको मृत्यु भएको छ । मोरङ ग्रामथान -७ खद्रा चौक बस्ने २० वर्षीय सुमन चौधरी सुनसरी मोरङ चतरा नहरको पानीमा डुबिरहेको अबस्थामा मृत फेला परेका हुन् । बाँकी ४ पेजमा ▸▸

## जीवी नभेटेपछि रवि र छविलाई पक्राउ गरेको वकिलको आरोप

**दमक/** सहकारी रकम अपचलनमा मुछिएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र छविलाल जोशीले सर्वोच्च अदालतमा दिएको निवेदनमाथिको सुनुवाइ बिहीबार पनि 'हेर्दाहेर्दै'मा राखिएको छ । बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी ठगी प्रकरणमा उच्च अदालत तुलसीपुरले दिएको आदेश बदर गर्न माग गर्दै रवि र छविका तर्फबाट दायर भएका निवेदनमाथिको सुनुवाइ न्यायाधीश नहकुल सुवेदी र बालकृष्ण ढकालको इजलासले हेर्दाहेर्दैमा राखेको हो । निवेदक र सरकारी वकिलको तर्फबाट बहस सकिएको छ। जाहेरवालातर्फको बहस भने बाँकी छ ।

यसैबीच, लामिछानेको बन्दी प्रत्यक्षीकरणसम्बन्धी रिटमा यतिखेर सर्वोच्च अदालतमा सुनुवाइका क्रममा न्यायाधीश नहकुल सुवेदीको प्रश्नमा सरकारी वकिल नाजवाफ बनेका छन् ।

न्यायाधीश नहकुल सुवेदीले सहन्यायाधिवक्ता गोबिन्द खनाललाई प्रश्न गरे, 'जीबी राई नभेटिएकाले रवि र छविलाई पक्राउ गरेर आरोप लगाइएको हो ?' न्यायाधीश सुवेदी यतिमै रोकिएनन् उनले अगाडि सोधे, 'कि जीबी नभेटिउन्जेल जसलाई पनि ल्याइदिएको हो भन्नेछ नि ?'

बहसमा उभिएका सहन्यायाधिवक्ता गोबिन्द खनाल न्यायाधीशका प्रश्न सुनेर एकछिन दोधारमा परे । अनि भने, 'इट टेक टाइम श्रीमान् । हामी जीबीलाई खोजिरहेका छौं । खोज्ने काम हुँदैछ श्रीमान् ।' तर, न्यायाधीश सुवेदी सहन्यायाधिवक्ताको जवाफले सन्तुष्ट हुन सकेनन् । उनले फेरि सोधे, 'रवि र छविले सहकारीको रकम ल्याउन ठ्याक्कै के काम गरे ? त्यस्तो त ठ्याक्कै केही आउँदैन । अभियोजन गर्ने निकायले फौजदारी दायित्व गोस्वारामा (सोलेडोलो) एकमुस्ठ ल्याउने हो र ? यो व्यक्तिले यो गऱ्यो । यसको आपराधिक दायित्व यो हो भन्ने स्पष्ट हुनुपर्छ होला नि ?'

बहसमा उभिएका सहन्यायाधिवक्ता खनाल फेरि अलमलमा परे । अनि उनले कम्पनी ऐन पल्टाए । उनले कम्पनी ऐनको हवाला दिँदै भने, 'सहकारीबाट पैसा आएको छ । अनि कम्पनीले चेक काटेर पैसा बाँडेको छ नि । उहाँहरु (रवि र छवि) ले कम्पनी ऐनअनुसार दायित्व लिनु पऱ्यो नि ।' यसअघि लामिछानेका तर्फबाट बहस गरेका वरिष्ठ अधिवक्ता रमण श्रेष्ठले पनि चेक काटेको विषय उठाउन खोजेका थिए । तर, न्यायाधीश सुवेदीले चेकको विषयमा जवाफ दिइरहन आवश्यक नभएको बताएका थिए ।

लामिछानेलाई २२ चैत २०८१ मा पक्राउ गरिएको थियो । उच्च अदालत तुलसीपुरको बुटवल इजलासले धरौटीमा रिहा गर्ने जिल्ला अदालत बाँकी ४ पेजमा ▸▸

## चार नेतासँग पूर्वराजाको लञ्च मिटिङ

**काठमाडौं/** पूर्वराजा ज्ञानेन्द्र शाहले राजसंस्था पक्षधर चार जना नेताहरूसँग लञ्च मिटिङ गरेका छन्। पूर्वराजा शाहले काठमाडौंको सोल्टी होटलमा बिहीबार राजसंस्था पक्षधर चार जना नेताहरूसँष लञ्च मिटिङ गरेको स्रोतले पुष्टि गरेको छ। पूर्वराजा शाहसँग भेट्नेमा 'संयुक्त जनआन्दोलन समिति' का संयोजक नवराज सुवेदी, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, राप्रपा नेपालका अध्यक्ष कमल थापा र राष्ट्रिय शक्ति नेपालका प्रमुख केशरबहादुर बिष्ट छन्।

यसबारे जानकारी राख्ने स्रोतका अनुसार पूर्वराजा शाहले बिहीबार बिहान ११ बजेदेखि करिब १ घन्टा यी चार नेताहरूसँग लञ्च मिटिङ गरेका थिए। राजसंस्था पक्षधरहरूले यही जेठ १५ गतेदेखि निर्णायक आन्दोलन गर्ने बताइरहेका बेला पूर्व राजा शाहसँग यी चार नेताको भेट भएको हो। राजसंस्था पक्षधरहरूले राजसंस्था पुनर्स्थापना, हिन्दु राष्ट्र पुनर्स्थापना, संघीयता खारेजीलगायत माग राख्दै आन्दोलन गर्न लागेका हुन्। यसअघि पूर्वराजा शाहले नगरकोटमा राजावादी नेताहरूसँग भेट गरेका थिए। त्यस्तै, वैशाख ५ गते उनले राप्रपाका ७ जना नेताहरूलाई लञ्च खान निर्मल निवासमा नै बोलाएका थिए।

## जुडो खेलाडी बंगलादेश प्रस्थान

**दमक/** बंगलादेश क्रिरा सिख्रा प्रतिष्ठान बीकेएसपी जुडो च्याम्पियनसिपमा सहभागी हुन १२ खेलाडीसहित १४ सदस्यीय नेपाली टोली बिहीबार बंगलादेशको ढाका प्रस्थान गरेको छ । बिहीबार एक कार्यक्रमबीच टोलीलाई सफलताको शुभकामना दिदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ्ले बिदाइ गरेका हुन् ।

२५ देखि २६ तारिखसम्म हुने प्रतियोगितामा ७ पुरुष र ५ महिला गरी १२ खेलाडीले प्रतिस्पर्धा गर्ने छन् । पुरुष ४५ केजीमुनि रिवाज लामा तामाङ, ५० केजीमुनि सभर पौडेल, ५५ केजीमुनि बुद्ध गुरूङ, ६० केजीमुनि सविनकुमार दियाली, ६६ केजीमुनि विशेष विक, ७३ केजीमुनि प्रयास तामाङ र ७३ केजीमाथि विज्ञान तिखत्री रहेका छन् ।

## मेची भन्सारद्वारा करिब तेह्र अर्ब राजस्व संकलन

**झापा/** मेची भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा रु १२ अर्ब ९४ करोड २० लाख ६० हजार राजस्व सङ्कलन गरेको छ । जुन सोही अवधिका लागि निर्धारित लक्ष्यको ९१ दशमलव ५१ प्रतिशत हो ।

कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार चालु आवको वैशाख महिनासम्म रु १४ अर्ब १४ करोड ४२ लाख २० हजार राजस्व सङ्कलनको लक्ष्य रहेको थियो । "गत आव २०८०/८१ को सोही अवधिमा राजस्व रु १५ अर्ब आठ करोड ६४ लाख २० हजार राजस्व सङ्कलनको लक्ष्य राखिएकामा ७६ दशमलव ८५ प्रतिशत मात्रै राजस्व सङ्कलन भएको थियो तर यसपटक भने लक्ष्यको ९१ दशमलव ५१ प्रतिशत हासिल गरेका छौं", उनले भने ।

कार्यालयको तथ्याङ्कअनुसार चालु आवको १० महिनाको अवधिमा मेची भन्सारबाट पेट्रोलियम पदार्थको आयातबाट ६० दशमलव ५५ प्रतिशत अर्थात् रु सात अर्ब ८३ करोड ६२ लाख ४३ हजार राजस्व सङ्कलन भएको छ । यसैगरी, तरकारीको आयातबाट रु ५८ करोड ३३ लाख १५ हजार, यातायातका साधन र तिनका पाटपुर्जाबाट रु ३६ करोड ५३ लाख १५ हजार, खनिज उत्पादनबाट रु २४ करोड १० लाख ३० हजार, कफीबाट रु १९ करोड ३६ लाख ९० हजार, दलहनबाट रु २० करोड २९ लाख ९४ हजार, राजस्व सङ्कलन भएको सूचना अधिकारी हुमागाईंले बाँकी ४ पेजमा ▸▸

## अख्तियारसम्बन्धी विधेयक संसदीय समितिमै अड्कियो

काठमाडौं । मन्त्रिपरिषद्ले गरेका निर्णय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गर्ने छानबिनको दायरामा नपार्न प्रधानमन्त्रीसहित राजनीतिक दलका शीर्ष नेताहरूले दबाब दिएपछि अख्तियारसम्बन्धी विधेयक संसदीय समितिमै अड्किएको छ ।

१५ महिनाअघि संसद्रूमा दर्ता भएको यो विधेयक अहिले राज्यव्यवस्था तथा सुशासन समितिमा विचाराधीन छ । जबकि उपसमितिले मन्त्रिपरिषद्ले गरेका नीतिगतबाहेकका निर्णय अख्तियारको छानबिनको दायरामा पर्ने गरी विधेयकमा सहमति जुटाएर मूल समितिमा पठाइसकेको छ । तर शीर्ष नेतृत्वले मन्त्रिपरिषद्का कुनै पनि निर्णय अख्तियारको छानबिनको दायरामा नपार्न दबाब दिएका छन् ।

संसद्को राज्यव्यवस्था तथा सुशासन समिति अन्तर्गतको उपसमितिले पाँच महिनाअघि अख्तियारसम्बन्धी विधेयकमा सहमति जुटाएर मूल समितिमा प्रतिवेदन बुझाइसकेको छ ।

## सहमति पछि दमकको फोहोर उठ्न थाल्यो

**दमक/** दमकमा तीनदिन देखि रोकिएको फोहोरमैला विहिबारदेखि उठाउन थालिएको छ । दमकको फोहोरले बस्तीमा असर गरेको भन्दै गत शनिबारदेखि दमकको फोहोर उठ्न सकेको थिएन् । फोहोर सडकमा राखिदाँ दुर्गन्धले स्थानीयहरु सास्ती खेप्न बाँध्य थिए । दमकको फोहोर व्यवस्थापनले दमकसंगै जोडिएको चुलाचुलीका बासिन्दाहरुले सास्ती खेप्नुपरेको भन्दै फोहोर फाल्न रोक लगाएका थिए । उनीहरुले चुलाचुली गाउँपालिका-५ का वडाध्यक्ष बबिन राईको संयोजकत्वमा संघर्ष समिति नै बनाएर दमकको फोहोर फाल्न अवरोध गर्दै आएको थियो ।

दमक नगरपालिकाले चुलाचुली गाउँपालिकासँगको सिमानामा रहेको दमक-२ स्थित हम्सेदुम्से सामुदायिक वन क्षेत्रमा दैनिक २६ टन फोहोर फ्याँक्दै आएको छ। फोहोरले चुलाचुली- ५ का रमाइलो बस्ती, चपेटी, कोलडाँडा, चन्द्रनगर, शिखरकटेरी, आँपझोला, धिमालटार बस्ती प्रभावित भएका भन्दै स्थानीय आन्दोलनमा उत्रिएका थिए ।

बुधबार संघर्ष समिति र दमक नगरपालिकाको बैठकले फोहोरको दीर्घकालीन व्यवस्थापनका लागि दमक र प्रभावित क्षेत्र चुलाचुलीका स्थानीय सम्मिलित नौसदस्यीय फोहोरमैला व्यवस्थापन समिति बनाउने सहमति गरेको चुलाचुली- ५ का वडाध्यक्ष राईले जानकारी दिए। उक्त समितिले स्थलगत अवलोकन गर्ने, विज्ञसँग छलफल गर्ने, विकल्प तयार गर्ने स्थानीयको गुनासो सुन्नेलगायत निर्णय भएको उनले बताए । दमक- ७ का वडाध्यक्ष भीम पौडेलको संयोजकत्वमा समितिले २१ दिनभित्र काम सक्ने सहमति भएको थियो । बाँकी ४ पेजमा ▸▸

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयहरुबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याजतथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : कृषि विकास बैंक लि. शाखा गौरादह, झापा**

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजेको नाम | ग्राहकको पिताको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८२।०१।३१ सम्मको व्याज | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामादिने/जमानत बस्नेको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सौगात कस्टमेटिक एण्ड ज्वेलर्स (प्रो.नविना राजवंशी) | गौरादह ८ झापा | ससुरा: रत्न राजवंशी | पति:गंगा प्रसाद राजवंशी | ब्यापार | १९,००,००० | ५८,९६७ | १९,५८,९६७ | गंगा प्रसाद राजवंशी |
| २ | युनिस इन्टरप्राइजेज (प्रो.धनकुमारी कार्की) | गौरादह ३ झापा | ससुरा: जय वहादुर अधिकारी | पति:मिनकुमार अधिकारी | महिला उद्यमशिल | १,९८,९४३ | १०,२४७ | २,०९,१९० | मिनकुमार अधिकारी |
| ३ | पुजा शु सेन्टर (प्रो.रवि महतो) | गौरादह७ झापा | सैनि दास महतो | महेन्द्र दास महतो | ब्यापार | ६,४८,६२२ | २०९ | ६,४८,८३१ | वासमति दास महतो |
| ४ | भगत ढुङ्गाना | गौरादह ८ झापा | कृष्ण बहादुर | महेन्द्र बहादुर ढुङ्गाना | सरल कृषि कर्जा | ८,७४,०४७ | ४३,२६२ | ९,१७,३०९ | कमला ढुङ्गाना<br>महेन्द्र बहादुर ढुङ्गाना<br>नित्र देवी ढुङ्गाना |
| ५ | रुद्र बहादुर भट्टराई | गौरादह ९ झापा | जय बहादुर भट्टराई | भुवानसिहं भट्टराई | सरल कृषि कर्जा | १२,३५,६०७ | २२,४१९ | १२,५८,०२६ | राजेश भट्टराई |
| ६ | शान्तबहादुर कटुवाल | गौरादह ९ झापा | डिक बहादुर | धनबहादुर कटुवाल | घरायसी | ११,००,००० | ३४,५४८ | ११,३४,५४८ | नारायण कटुवाल |
| ७ | मनोज खडका | कमल २ झापा | रणमर्दन | लोक बहादुर खडका | सरल कृषि कर्जा | १७,००,००० | २७,८९७ | १७,२७,८९७ | मन्जु बस्नेत |

**कृषि विकास बैंक लि.**
प्रदेश कार्यालय विराटनगर

# सम्पादकीय

## तरकारीजन्य वस्तु आयात होइन निर्यातमा जोडबल लगाऔं

तरकारीजन्य उत्पादनमा अझै आत्मनिर्भर हुन नसकेको दमक सरकारी बजारमा भारतबाट आएका तरकारीजन्य सामग्रीले प्रष्ट पार्दछ । अधिकांश उत्पादनमा आत्मनिर्भर रहेपनि लसुन, प्याज, आलुलगायतको उत्पादनमा कमी देखिएको छ ।

वैदेशिक रोजगार र शहरमुखी जीवनशैली कारणले हजारौं हेक्टर जमिनहरु बाँझो बसिरहेका छन् । यता त्यस्ता जग्गामा तरकारीजन्य वस्तु पनि उत्पादन हुन नसकेपछि ठूलो रकम बाहिरिरहेको छ । बाँझो जनिनलाई सदुपयोग गरेर कम्तीमा खाद्यान्नका सामग्रीमा बाहिरि देशको मुख ताक्नुपर्ने प्रवृत्तिबाट अब मुक्त हुन आवश्यक छ । हेर्दा र सुन्दा नै सामान्य लाग्ने लसुन, ब्याज आलुलगायतका वस्तु नै उत्पादन नभएर भारतबाट आयात गर्नु कृषिप्रधान मुलुकको पहिचान बनाएको मुलुकका लागि शोभनीय हुँदैन । अझ लाजमर्दो कुरा त के छ भने भुटानबाट पनि यस्ता वस्तु आयात गरिरहेका छौं । भुटान जत्तिको हामी हुन नसकिरहेको तथ्य यसबाट देखिन्छ । तसर्थ अब स्थानीय सरकारहरुले यसतर्फ ध्यान पुऱ्याउन जरुरी छ । विशेष गरेर मौसममा हुने तरकारीजन्य उत्पादनमा खासै अभाव नदेखिने बरु बढी उत्पादन भएर मूल्य नपाउने र खेर जाने प्रवृत्ति देखिएको तर बेमौसमी (अफ सिजन)को बेलालाई विशेष चासोका साथ तरकारी खेतीमा प्राथमिकता दिन र त्यो अनुसारको माटो परिक्षण, भौगोलिक परिवेश र जग्गाको खोजीसहित व्यवसायिकतामा जोड दिन आवश्यक देखिन्छ ।

कतिपय कृषकहरुले यसतर्फ ध्यान नदिएको पनि होइन तर उनीहरुमा विशेज्ञताको अभाव वा ज्ञान, सीपसँगै आर्थिक अभावले पनि कतिपय किसानले गर्न नसकिरहेको अवस्थामा उनीहरु भरथेग गर्न स्थानीय सरकारले तदारुकता देखाउन आवश्यक छ ।

सिजनमा उत्पादन भएका वस्तुको मूल्य र बजार व्यवस्थापनको खाँचो देखिएको छ भने बेमौसमका तरकारजन्य सामग्री उत्पादनमा सहुलियत र प्रोत्साहनको खाँचो देखिएको छ ।

दमक तरकारी बजारमा रहेक दिन हरियो सब्जी ३० क्वीन्टलको हाराहारीमा आउने गर्दछ र हरेक दिन १ लाख केजी तरकारी बिक्रीवितरण भईरहेको छ । दमकको बजारले गौरीगञ्ज, कन्काईमाई यता, उत्तरी भेग, पथरी, मधुमल्ला, केराबारीसम्मका व्यापारीलाई धान्ने गरेको हुँदा बजार ठूलो छ । यो बजारको सदुपयोग गर्न पनि मौसमी र बेमौसमी दुवै प्रकारको उत्पादनमा किसानलाई आकर्षित गराउनेतर्फ स्थानीय सरकार लाग्न जरुरी देखिन्छ ।

अब वर्खाको समय आउन लाग्यो । अहिले नै पनि हावाहुरी र पानीले धेरै किसानले लगाएका तरकारीजन्य कृषिमा क्षति पुऱ्याएको छ । यस्ता किसानले प्रोत्साहित र संरक्षण गर्न क्षतिपुर्तिको समेतको व्यवस्था गर्न सकेको भए आउने वर्ष उनीहरु उत्साहित भएर उत्पादनमा लाग्ने थिए ।

आलु र प्याज बाहेकका तरकारी धनकुटा, इलाम, झापाको चारआली, सुनसरीको इनरुवा र केही मात्रामा राजधानी काठमाडौंबाट आइरहेका छन् । सकेसम्म तरकारी आयात होइन निर्यात गर्ने गरी किसानलाई आकर्षित गर्ने, प्रोत्साहित गर्ने, संरक्षण र प्रवर्द्धनमा लाग्नु अपरिहार्य भएको छ ।

# नेताप्रतिको वितृष्णा किन बढ्दैछ ?



✍ **ओमप्रकाश गौतम**
omgautam497@gmail.com



यही आँखाले हिजो राजतन्त्र देख्यो
अनेकन वादहरु झेल्दै गयो
लाठी र जुलुस देख्यो
मानौकि
नदेखे र नभोगेको केही रहेन
लुछाचुडी, भागबण्डा, लुटखसौट
के चाहिँ देखेन र यो आँखाले ?
यहाँ कसैलेपनि पानीमाथिको ओभानो हुन नखोजे भो
सुनपानीले शरीररै धोएपनि हुनेवाला केही छैन
हिजोको दिनमा आजजति ब्रम्हलुट थिएन
यो सिकायो लोकतान्त्रिक गणतन्त्रले
किन सिकायो ?
कसरी सिकायो ?
के कारणले सिकायो ?
कहाँ सिकायो ?
यो प्रश्नको उत्तर छ ?
कोहि नेताको चम्चागिरीगर्नेहरू सङ्ग
कोहिसङ्ग छैन
लोकतान्त्रिक गणतन्त्र आएदेखि आज
कस्ताकस्ता घटना घटे
हिजोको शिशुहरुले आज भोगे, देखे
नेताहरूलाई न चिन्ता छ, न जोश न जागर छ
सबै कसरी कुम्ल्याउ खाउ
मै मोज मस्ती मै गरौं भन्नेमा छन
तपाईं चिया चमेना गृह जानुहोस
सर्वसाधारणका सुन्नुहोस
कतै नेताहरूको सकारात्मक कुरा सुन्दैसुन्नु हुन्न किन ?
सुन्नु पनि कसरी ?
अष्टम कक्षा उत्तीर्ण गर्ने आज मन्त्री भाका छन
उनीहरूले सिकाउछन राजनीतिका कुरा
अर्थतन्त्रका कुरा, समावेशी लोकतन्त्रका कुरा
आखिर किन यस्तो हुँदैछ त लोकतन्त्रमा ?
यो तन्त्रमा केके भए ? केके भएनन ?
सबैलाई थाहै छ तर मौन छन
कोहि बोल्दैनन
त्यही भएर लोकतान्त्रिक गणतन्त्र यतिबेला
बोझ बन्दैछ , सानामसिना कुरामा अल्मलिदै गएको छ
यसलाई पूर्ववत अवस्थामा ल्याउन सक्ने मियो छैन
यहाँ त सबै कोखमा छुरा हान्नेहरुको भीड छ
झुटो बोल्ने, बिचौलिया, तस्करीका डनहरुको हुल छ
उनैले पाउँछन् पुरस्कार
उनैले पाउँछन् सम्मान र मेडल
अनि किन जनतामा निरासा छाउदैन त ?
संसद अपहरण, साउथ चाइना प्रकरण
लाउडा काण्ड, ललिता निवास काण्ड
बिधुत प्राधिकरण काण्ड
गिरीबन्धु जग्गा प्रकरण काण्ड
यस्ता काण्ड दिनप्रतिदिन घटेका घट्यै छन
सरकार नतमस्तक छ
बोल्दैन मौन छ
देशको आर्थिक अवस्था डामाडोल छ
दलाल बिचौलियाहरु मालामाल छन
सरकार खबरभित्रको बेखबर छ
कोहि सरकार ढाल्ने खेलमा छन
आखिर यो सत्ताको सिढी चढेर निरीह जनतालाई
अचानोमा पिस्ने खेल न रहेछ, लोकतन्त्र
गरिबका आँसु पुछ्ने कोहि छैनन यहाँ
महङ्गी र बेरोजगार बढ्दो छ
युवा सबै बिदेश पलाएन
राजनीति बेलगाम छ
मिलाएर, झुक्याएर खानेहरुको भीड बढदो छ
नेता मालामाल
जनताको छ बेहाल
सुख शान्ति, अमनचयन कता हरायो कत्ता
सबै क्षेत्र बेहाल छ
सडकमा भीड र जाम छ
आन्दोलनको स्वरुप बेग्लै छ
संसदहरुको बोली र व्यबहारमा बेमेल छ
हेर्नुहोस अनि सुन्नुहोस
चिया , चमेना गृहमा
नेताप्रतिको बितृष्णा किन बढदैछ ?
प्रश्नहरु यहाँ छताछुल्ल छन
अबको बाटो कता जाने हो ?
के हुने हो ?
अनिश्चित बाटोहरुका मोडहरु
कसले सही दिशामा लैजालान ?
पीर अनि चिन्तामा छन जनता
खबरदारी अब जनताले गर्नैपर्छ
भ्रष्टाचारी, लोभीपापीहरुलाइ
अब लखेटनै पर्छ
वाकस्वतन्त्रका लागि
जनता जाग्नैपर्छ
जनता जाग्नैपर्छ
जनता जाग्नै पर्छ .................................???

माथिका कविताका आवाजहरु स्वतन्त्र छन जसले जनताहरुलाइ सूसूचित गरेको छ । ध्यानाकर्षण, सचेत र सजग गरेको छ । किनकि देशलाई दोहन गर्ने यो अवस्थामा ल्याउने भनेकै नेताहरू हुन उनीहरूले जनतालाई लावारिस बनाए, उठनै नसक्ने गरि ऋणको भारमा पारे । उनीहरू जिन्दगीभर सुखसयलमा बस्ने भए, जनताहरुको बिल्लिबास भो । योसम्म जान्दासम्म जनताहरुले कुरा बुझ्न सकेनन । हिजो चुनावताका उनीहरूको लवेदा समाएर प्रत्येक जनताको घरघरमा गएर मतदाताको लिष्ट बाढ्न उद्दत भएको अतित हेर्दा लाग्छ कि नेता होइनन् जनतानै दोषी थिए, हिजोदेखि आजसम्म । यो क्रम हिजोआज अलि कम भएको छ , हिजो जनता उफ्रीउफ्री आक्रोश व्यक्त गर्थे त्यो क्रम अहिले न्यून छ, सबै कुरा उनीहरूले बुझिसके । किनकि २०४६ देखि अहिलेसम्मको अवस्था हेर्दासम्म जनताले सोचेजस्तो आशातित प्रगति हुन सकेकै छैन । प्रगति भयो त तिनै सत्ताका लागि मरिहत्ते गर्ने नेताहरू र तिनका औरेभौरे कार्यकर्ता र सन्ततिलाई । हुन पनि हो हिजो रातो झण्डा बोकेर क्रान्तिमा होमिनेहरु राजावादी निकट भए । झण्डा र राजनीति परिवर्तन गरे, आफ्नो पुरानो विरासतलाई लत्याए । आज, हिजोका वरिष्ठ नेताहरु कोहि जेलमा छन, कोहि राजनीतिमै छन । तर उनीहरू पहिलेको अवस्थामा जस्तो जनताको नजरमा भने छैनन । उनीहरूको अभिष्ट भनेकै सत्ता र राजनीतिक परिवर्तन रहेछ । यो सबै जनताले बुझेरै होला कि शीर्ष नेताहरुको कुरै सुन्न मान्दैनन जनताहरु किन ?

अबको मिसन - ८४ को चुनाव कहिले आउला भनेर हिजो तिनै ठूल्ठूला दलहरुका कार्यकर्ताहरु समय पर्खिरहेछन, पर्ख अनि हेरमा छन । जनताहरुको अबको मिसन के होला ? बृहत अध्ययन अवलोकन गरिरहेछन । जनता जनार्दन जिन्दावाद ।

## ‘सेमिफूङ’ दमकमा प्रदर्शन हुने

*दमक । किरात सांस्कृतिक मिथकमा आधारित चलचित्र ‘सेमिफूङ’ (आगोको फूल) यहि जेठ ९ र १० गते दमकमा विशेष प्रदर्शन गरिने भएको छ । चलचित्र निर्माणकर्मीका अनुसार दमकस्थित डिम्याक्स हलमा चलचित्र प्रदर्शन हुने छ । लिम्बू पृष्ठभूमिको चलचित्र भएको भएपनि ‘सेमिफूङ’ले आदिवासी जनजाति मात्र नभएर गैर आदिवासी जनजातिको पनि मिथ बोलेको यसका लेखक राज थापा (काउचा )मगरले बताए ।*

*उनले प्रविधि र चेतनाको विकासले उपनिवेशीकरण समेत सिर्जना गरेकाले मानिस विचारको संकटको चौबाटोमा आइपुगेको चलचित्रको कथा रहेको बताए । उनले भने ,‘उपनिवेशीकरणसहितले सिर्जना गरेको वैचारिक संकटले मौलिक सांस्कृतिक पक्षमाथि समेत संकट पारेको कुरा ‘सेमिफूङ’ ले उजागर गराउने प्रयास गरेको छ ।’*

*सो चलचित्रका नायक वविन आङदेम्बेले पूर्वको संस्कार संस्कृतिको कथा पूर्वबाटै प्रदर्शनमा ल्याउन लागिएको उल्लेख गरे । २ घण्टा लामो यस चलचित्र ४० लाख लागत रहेको निर्माता समेत रहेका आङदेम्बेले सुनाए ।*

*पत्रकार सम्मेलनमा किरात याक्थुङ चुम्लुङ दमकका अध्यक्ष देवेन्द्र चेम्जोङ, लिम्बू चलचित्रकर्मी कलाकार विक्रम फागो वनेम, ‘सेमिफूङ’ का गीतकार साङ्गसेन पन्धाक सहितको उपस्थिति रहेको थियो । रवि शेर्माको निर्देशन रहेको याक्थुङ फिल्मस् प्रालिको व्यानरमा निर्मित सो चलचित्र झापा ,मोरङ र इलामका विभिन्न रमणीय स्थानमा छायांकन गरिएको छ । चलचित्रमा अधिकांश लिम्बू भाषासहित नेपाली भाषामा समेटिएको छ ।*

## प्रतिनिधिसभा अन्तर्गतको समितिको बैठकमा माइक फालाफाल

काठमाडौं । प्रतिनिधिसभा अन्तर्गतको महिला तथा सामाजिक मामिला समितिको बुधबारको बैठक तनावपूर्ण बनेको छ । प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) की सांसद कल्पना मियाँ कुसारीले बैठकका दौरान माइक फालिन्, जसले समितिमा झडप र भनाभनको अवस्था सिर्जना गऱ्यो ।

समितिको बैठकमा वार्षिक प्रतिवेदन पास गर्ने कार्यसूची थियो। तर, भ्रमणसम्बन्धी विषयमा अध्यक्ष किरणकुमार साह र सांसदहरूबीच मतभेद देखिएपछि वातावरण उत्तेजित बनेको थियो। समितिका अर्की सांसद सुशीला सिर्पाली बोल्दै गर्दा बैठक हलमा प्रवेश गरेकी कुसारीले बोल्न खोज्दा अध्यक्षले अनुमति नदिएको भन्दै आक्रोश व्यक्त गरेकी थिइन् ।

एक सांसदका अनुसार कुसारीलाई बोल्ने मौका नदिइएको भन्दै उनी आक्रोशित भइन् र आफ्नो अगाडि रहेको माइक तथा नेमप्लेट उठाएर फालिन् ।”

यद्यपि, माइकले अरू कसैलाई चोट भने लागेको छैन। माइक फालिएपछि सभापति साह र सांसद कुसारीबीच केही बेर भनाभनसमेत भएको थियो । समितिमा यस्तो व्यवहारप्रति केही सांसदहरूले आपत्ति जनाएका छन् भने केहीले सभापतिको व्यवहारलाई असंवेदनशील बताउँदै कुसारीको समर्थन गरेका छन् ।

यस घटनाले समितिको कार्यशैली, अनुशासन र सांसदहरूको आचरणबारे पुन: बहस उठाएको छ। संसदीय मर्यादालाई ध्यानमा राख्दै यस्ता घटनाको पुनरावृत्ति रोक्न आवश्यक कदम चालिनुपर्ने आवाज उठ्न थालेको छ ।

# राजसंस्था पुनर्स्थापनामा तेस्रो पुस्ताको खोजी

♦ **बाबुराम क्षेत्री**

***यदि लोकतान्त्रिक शक्तिले ठिक हिसाब र सोचविचार गर्न सकेन भने देशको भविष्य अन्योल हुन्छ : बीपी कोइराला***

यहि परिस्थितिको सृजना भएर गणतन्त्रको पक्षमा उभिएको नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले एउटा 'ग्रिन सिग्नल' रूपी कार्ड बुधबार फ्याँकेको समाचारले राजनीतिक बजार निकै तात्यो तर दिउँसो नेपाली कांग्रेस पार्टी कार्यालयबाट उक्त समाचार झुटा र कपोलकल्पित रहेको विज्ञप्ति जारी भयो । हिजो गिरिजाप्रसाद कोइरालाको आलोचना धेरै भएपछि माओवादीलाई मूलधारमा ल्याएर जसरी अन्तिम अवस्थामा आफ्नो छवि उँचो बनाएर गएका थिए आज त्यही परिस्थिति शेरबहादुर देउवाको काँधमा आइपरेको छ । नेपाली कांग्रेस राजसंस्थाको अहिले गर्ने दल पनि होइन । सँधै शिरोपर गर्दै राजसंस्था बचाउँदै आए पनि ०६२/०६३ मा ढुलमुलमै हिन्दु धर्म र राजसंस्था फ्याकिएको कांग्रेसकै नेताहरूले बताइरहेका बेला देउवाको यस्तो सन्दर्भ आएको भन्नुलाई गलत मान्न नसकिने विश्लेषण पनि गरिँदैछ । बीपी कोइरालाको नीति, विचार र सिद्धान्त अनि शेखर कोइराला, चन्द्र भण्डारी, सुनिलश शर्मा जस्ता दिग्गज नेताहरूले समेत राजसंस्थाप्रति सहानुभूतिका साथ विचार राख्दै गर्दा आएको देउवाको भनिएको अभिव्यक्तिलाई सबैतिरबाट चासोका साथ हेरिएको थियो । बजारमा चर्चामा आएको अनुसार देउवाले शितल निवासको तेस्रो पुस्ता अर्थात हृदयेन्द्र वीरविक्रम शाहलाई राजा बनाउने हो भने म मान्न तयार छु । नेपाली कांग्रेसको स्थापनासँगै राजसंस्थासँग छुट्टै सम्बन्ध बोकेर आएको पार्टी हो । जस्तो सुकै विषम परिस्थितिमा राजसंस्थाले गरेका अक्षम कामलाई पनि बीपीले सहर्ष स्वीकार गर्दै राजसंस्था आवश्यक रहेको पुष्टि गर्दै आएका थिए सम्भवत: अहिले त्यसैको धरातलमा टेकेर पनि देउवाले त्यो कार्ड फ्याकेको हुनसक्छ । स्वर्गीय गिरिजाप्रसाद कोइरालाले पनि गणतन्त्र स्थापना हुनु अगाडि बेबी किङको कुरा गरिरहेका थिए ।

यी यावत कांग्रेसका नीति, विचार, सिद्धान्तको धरातलमा टेकेर शेरबहादुर देउवा सच्चिन खोजेका हुन कि भन्ने विश्लेषण पनि बजारमा गरिँदैछ । हुन त पछिल्लो समयमा शेरबहादुर देउवाको लोकप्रियता जनता र दलका नेताबाट निकै टाढिँदै गईरहेको सन्दर्भमा अन्तिममा गिरिजाप्रसादले झै देशलाई एउटा ट्र्याकमा छोडेर जान खोजेको पनि हुनसक्छ । जुन कार्डको विषयले यतिखेर राजनीतिक वृत्तमा नयाँ बहस र छलफलको तरंग पैसा गरेको छ । यस अगाडि भएका राजसंस्था पक्षधरका आन्दोलनले गणतन्त्रको पक्षमा उभिएकाहरूलाई तर्साएको छ । उनीहरूले जे ओठे जवाफ दिए पनि लाखौंको भिडले राजतन्त्र मागिरहेको छ । त्यसैले देउवाको उक्त कार्डले निरन्तरता जेठ १५ बाट राजसंस्था पुनर्स्थापनाका लागि निर्णायक आन्दोलनको तयारीमा जुटेका राजसंस्था पक्षधरलाई थप हौसला मिलेको छ । देश अराजक, अस्थिर, भ्रष्टाचार, कुशासनको दलदलमा फसेको छ । गणतन्त्रमा विरोधलाई निस्तेज तुल्याउँदै सरकार निरंकुश बन्दै गईरहेको छ । ठाउँ ठाउँमा निषेधाज्ञा मात्र लगाएको छैन प्रदर्शन स्थल विथोल्न राज्य संयन्त्रको प्रयोग गरिरहेको छ । बेकसुर मानिसहरूलाई कसुरदार बनाएर जेलमा हालिएको छ । भ्रष्टाचार गर्दिन र हुनदिन्न भन्ने प्रतिबद्धता बोकेका प्रधानमन्त्रीको आँखै अगाडि भएका भ्रष्टाचार आफ्नोलाई जोगाउने अरूलाई तेजोबध गर्ने नीति लिएको देखिन्छ । धेरैलाई भ्रष्टाचारमा आरोपितहरूलाई उन्मुक्ति दिइसकेका छन् भने बेकसुर र निरीह व्यक्तिहरू कारवाही भोगिरहेका छन् ।

नेपालमा हरेक दशक राजनीतिक उथलपुथल हुन्छ भन्ने मान्यताले डेरा जमाएको छ । संवैधानिक राजतन्त्रको अन्त्य गराइएको १५ वर्षपछि राजसंस्थाको पक्षमा जनता खुलेका मात्र छैनन सडकमा प्रदर्शनमा उत्रिएका छन् त्यो संख्या बढ्दै गईरहेको छ । पछिल्लो समयमा राप्रपा र 'राजा' ज्ञानेन्द्र शाह सम्मिलित कार्यक्रमहरूमा जनलहर बढ्न थालेको छ । राजतन्त्रप्रतिको आकर्षण बढेको मात्र देखिएको छैन कि गणतान्त्रिक व्यवस्थाप्रति जनताको अरूचि देखिएको पनि प्रष्ट हुँदै गएको राजनीतिक वृत्तमा चर्चा चल्न थालेको छ ।

गणतन्त्रको घोषणापछि चुलिएको बेथितिले जनतामा यो व्यवस्थाप्रति वितृष्णा बढ्न थालेको हो । गणतन्त्रको नाममा लुटतन्त्र हाबी भैरहेको हालको अवस्थामा जनताले गणतन्त्रले एउटा राजाको सट्टामा धेरै राजाहरू जन्माएको भन्दै राजसंस्था नै विकल्प रहेको जस्तो गरी प्रदर्शनीहरू गर्न थालेका छन् ।

राजासहितको शासन व्यवस्था ल्याउने वित्तिकै गणतन्त्र मेटिन्छ । गणतन्त्रको मूल मेसो भनेको राष्ट्रपति र संघीयता नै हो । एकातिर दलहरूमा राष्ट्रपति बन्ने उचाईका व्यक्ति छनौट हुन सकिरहेका छैनन । अर्कोतिर संघीयताको नाममा ठूलो खर्च धान्न अब कठिन भईसकेको छ ।

जनचाहना अनुसार चल्ने राजसंस्थाले ०६२/०६३ जुन उद्देश्यले गद्दी छोडेर श्रीपेच फुकालेका थिए त्यसले उद्देश्य परिपुर्ति गर्न नसकेको हुँदा अब राजसंस्था अपरिहार्य भएको पूर्व राजा ज्ञानेन्द्रका अभिव्यक्तिले राजसंस्था पक्षधरलाई उक्साएको छ । यहि बीचमा नेपाली कांग्रेसको सभापतिको अभिव्यक्तिप्रति अब राजसंस्था सोच्न बाध्य भएको छ । पूर्व राजा ज्ञानेन्द्रले राजसंस्था पुन:स्थापनाका जे त्याग गर्नपर्छ त्यसको लागि तयार छु भनिरहँदा अब उनको नाती हृदयेन्द्रलाई आम मानिसले राजा मान्ने भएपछि उनी पनि तयार रहन आवश्यक देखिन्छ ।

खासमा राजा वा राजतन्त्र भन्दा पनि अहिलेको शासन व्यवस्था भद्दा र भ्रष्ट भयो । देशमा भ्रष्टाचार बढ्नु, जनताको जीवनस्तर सुधार नहुनु, गरिब र धनीबिचको खाडल बढ्नु, अराजकता बढ्नु, राष्ट्रियता कमजोर हुनु, भीमकाय र खर्चिलो संघिय ब्यवस्था हुनुले मानिसलाई पुरानै ब्यवस्था ठिक होकि भन्ने लागेको लाग्नुलाई स्वाभाविक रूपमा लिनुपर्ने हुन्छ । मानिसहरूले राजतन्त्र र राजा भन्दा पनि सुशासन, बिकास र पारदर्शिता खोजेका हुन । वर्तमान ब्यवस्थाले ठिक समयमा मानिसहरूका निराशा उपचार गरेन भने राजतन्त्रको पक्षमा जनलहर बढ्दैन भन्न सकिँदैन । अहिलेका पार्टीले कि आफुलाई सच्याउनु पर्छ नभए एकखालको नयाँ राजनीतिक शक्ति उदाउन सक्ने अवस्था जिवित छ ।

सम्भव र असम्भवको तर्कको कसीमा राजसंस्था पुनर्स्थापनाको बहस नगरियोस । देशको एकता, धार्मिक सांस्कृतिक पहिचान, र भूराजनैतिक परिस्थिति आदिका कारणले राजसंस्थाको महत्व स्थापित हुनसक्छ । अहिले उठिरहेको आवाज पनि यसैको सम्बोधनका लागि हो न कि दलहरूलाई प्रतिबन्ध लगाउन र निरंकुशता लादन । विश्वका केहि देशहरुमा राजससंस्था विस्थापन गरेर पुनः स्थापना भएका पनि छन । राजसंस्था पुनर्स्थापना भएका देशमा सम्मानित संस्था र राष्ट्रिय प्रतिष्ठाको रूपमा रहिरहेक छन् भने तिनै देशहरुमा प्रजातन्त्रको असल र सभ्य अभ्यासहरु भैरहेका छन् ।

जसरी हरेक राजनैतिक परिवर्तनमा कांग्रेसको भूमिका नेतृत्वदायी रहन पुग्यो, एकपटक कांग्रेसले सो सौभाग्य प्राप्त गर्न सक्छ । साथै उसले सभ्य, स्वस्थ र असल प्रजातन्त्रको बहालीका लागि पनि नेतृत्व गर्न सक्छ । देशमा राजससंस्था मात्रै विस्थापित भएको छैन लोकतन्त्र पनि विस्थापित भएको छ । त्यसको पुष्टियाई सरकारका हरेक दिनका कदमले देखाएको छ ।

खासमा राजा वा राजतन्त्र भन्दा पनि अहिलेको शासन ब्यवस्था भद्दा र भ्रष्ट भयो । देशमा भ्रष्टाचार बढ्नु, जनताको जीवनस्तर सुधार नहुनु, गरिब र धनीबिचको खाडल बढ्नु, अराजकता बढ्नु, राष्ट्रियता कमजोर हुनु, भीमकाय र खर्चिलो संघिय ब्यवस्था हुनुले मानिसलाई पुरानै ब्यवस्था ठिक भन्नेतिर लाग्नु अस्वभाविक होइन । जनताले सुख र शान्ति खोज्छ । एउटा प्रणालीको विकास होस भन्ने चाहन्छ दशकौं पर्खिदा पनि त्यो हुन नसक्दाको परिणामले अहिले राजसंस्थाप्रतिको आकर्षण बढाएको छ । मानिसहरूले राजतन्त्र र राजा भन्दा पनि सुशासन, बिकास र पारदर्शिता खोजेका हुन । जुन अहिलेको शासन व्यवस्थाले दिन सकेन ।

बिपी कोइरालाले लिएको संवैधानिक राजतन्त्र र नेपाली कांग्रेस तथा प्रजातान्त्रिक शक्तिहरूबीचको सहकार्यले मात्र मुलुकको स्वतन्त्र हैसियत र प्रजातन्त्र सुनिश्चित गर्छ भन्ने मान्यतामा आधारित भएर अगाडि बढ्न आवश्यक छ । वर्तमान ब्यवस्थाले ठिक समयमा मानिसहरूका निराशा उपचार गरेन, राजसंस्था, धर्म निरपेक्ष र पहिचानवादीका आवाजलाई सम्बोधन गर्न सकेन भने राजतन्त्रको पक्षमा जनसागर उर्लिने मात्र होइन सडकबाट फ्याकिएका राजालाई सडकबाटै पुनर्स्थापित गर्ने हैसियत जनतामा छ भन्ने चेतना बेलैमा हुन आवश्यक छ ।

# आध्यात्मिकताबाटै उदाहरणीय बनेको मोरङको शान्ति किर्तन मण्डली



**पथरी शनिश्चरे** / मोरङको पथरी शनिश्चरे १ स्थित श्री शान्ति किर्तन मण्डलीले भजन किर्तनका माध्यमबाट दुई करोड हाराहारीको सम्पत्ति जोड्न सफल भएको छ। किर्तन गरेको रकम, किर्तन मण्डलीका सदस्यहरुबाट संकलित सहयोग र सदस्य बाहिरबाटको केही सहयोगबाट ०७१ सालमा साढे १८ लाखमा साढे ९ धुर जग्गा किनेर भवन निर्माणको योजना अघि बढ्यो। त्यसपछि उसैगरी सहयोग जुटाउँदै क्रमिक रुपले बनाउँदै लगेको भवन हाल ३ तले भएको छ र, हालसम्म त्यसमा लागेको खर्च हिसाव गर्दा १ करोड हाराहारी रहेको कोषाध्यक्ष तोयानाथ ढकालले वेलिविस्तार लगाउँछन्।

'पहिले किर्तन समूहले यस्तो काम गर्ला भन्ने सोचेकै थिएनन्। यो खाले काम किर्तन मण्डलीबाट गरेको देखेर उदाहरणीय बनेको उनको ठम्याई रहेको छ। भजन किर्तनको माध्यमबाट भगवानप्रति भक्तिभाव दर्शाउँदै मन शान्त पार्न र नैतिकताको सन्देश दिन ०६० सालमा माधव सुवेदीको अगुवाईमा किर्तन मण्डली खडा भई ०६३ सालमा दर्ता भयो। जसले समाजमा शान्ति, सद्भाव र आध्यात्मिक सन्देश प्रवाह गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको सामाजिक अगुवाहरुको ठहर छ। संस्थाको सोमबार सम्पन्न २२ औं स्थापना दिवसको कार्यक्रममा सहभागिले संस्था देशकै नमुनाका रुपमा अघि बढेको मन्तव्य राखे।

झापाको दमकबाट सदस्य बनेका राजु खड्का किर्तन मण्डलीको प्रभाव देखेर भने- 'दुई रुपैयाँको काम गर्न चार रुपैयाँको घुस खुवाउनु पर्ने परिवेशमा पारदर्शी रुपमा यत्रो काम गर्नु ज्यादै ठूलो कुरा हो। म यो कामप्रति नमन गर्न चाहन्छु।'

सुरुको अवस्थामा किर्तन मण्डलीको कामलाई यत्तिकैको एकछिनको रहरका रुपमा स्थानीयले टिप्पणी समेत गरेको अवस्था थियो। तर विशेषगरी महिला वर्गले चाड पर्वमा समेत किर्तन मण्डलीको काममै मरिहत्ते गरेर संस्थालाई यो अवस्थाको सफलता हाँसिल गराउन सफल भएकोप्रति वडा सदस्य सुरेश कार्कीले भावुकतापूर्वक प्रशंसा गर्नुभयो। उहाँले संस्थामा सबैभन्दा सक्रिय भूमिका निर्वाह गर्नेहरुलाई व्यक्तिगत तबरले सम्मानित गर्न भ्याउनु भयो।

किर्तन मण्डलीको भूमिका समाजमा शान्ति सद्भावको आधारस्तम्भ बनिरहेको ठहर छ सामाजिक अगुवा तुलसीराम ढकालको। उहाँले नगरका सवै किर्तन मण्डलीलाई एकत्रित गर्दै धार्मिक समन्वयको काम शान्ति किर्तन मण्डलीले गर्नुपर्ने अपेक्षा राखे।

नैतिकता हराउन थालेको समाजमा नैतिकता सिकाउने पाठशालाका रुपमा किर्तन मण्डली अघि बढेको पंण्डित केवलकृष्ण अधिकारीको पनि बुझाई छ। योसँगै बालबालिकालाई पनि साथै राखेर प्रशिक्षणका रुपमा सांस्कृतिक र नैतिक शिक्षा प्रदान गर्नु संस्थाको अवको काम भएको उनको सुझाव छ।

संस्थाले आफ्नो कामलाई सक्रियतापूर्वक मात्र नभई पारदर्शी रुपमा अघि बढाउने कामले सबैको विश्वास जित्दै गएको अवस्था छ। ज्येष्ठ सदस्यहरुको टिर्थाटन र सम्मान कार्यक्रम संस्थाको आकर्षक कार्यक्रममा पर्छ। वार्षिक उत्सवमा पनि ३० जना ज्येष्ठ नागरिकलाई दोसल्ला ओढाएर सम्मानित गर्दै ज्येष्ठ नागरिकको आत्मिय सहारा बनेको छ। आफ्नी आमाको स्मरणमा संस्थाका कोषाध्यक्ष तोयानाथ ढकालले मात्रै छुट्टै २ जना ज्येष्ठ आमालाई सम्मानित गर्नुभयो। साथै किर्तन मण्डलीका सदस्य दुर्गादेवी दंगाल, तुलसीराम ढकाल, खेम ढुंगेल पथरी क्याम्पसको सञ्चालक सदस्य र मोहन श्रेष्ठ लेखा समिति संयोजकमा निर्वाचित भएकोमा दोसल्ला ओढाएर सम्मानित गरियो।

संस्थाको आध्यात्मिकताको प्रवर्द्धनका खातिर गरिएका कार्यक्रममा जोडिनेहरु बढिरहेका छन्। हालसम्म सदस्यको संख्या १ हजार २ सय पुगेको छ। अब संस्थाले सदस्यको परिवारमा मरिमराउ पर्दा समवेदना दिन जानेसहितका कार्यका लागि अक्षयकोषको योजना अघि बढाएको संस्थाका सचिव रमण दाहालले सुनाए। 'हामीले ३० लाखजतिको अक्षयकोष बनाउने लक्ष्य राखेका छौं। हालसम्म ११७ जनाबाट ६ लाख १७ हजार रकम संकलन भएको छ। जसबाट मरिमराउमा समवेदना दिने कामलाई व्यवस्थित बनाउने छौं।'- उनले भने। प्रत्येक शनिबार पालैपालो सदस्यहरुकोमा किर्तन गरेर वार्षिक डेढ लाख हाराहारी दान रकम संकलन हुने गरेको छ।

कृषि

# झापाको मकैले दियो किसानलाई राम्रो आम्दानी



**दमक**/ नेपालमा सवै भन्दा धेरै ३ देखि ४ लाख मेट्रिक टनसम्म मकै उत्पादन गर्ने झापाका किसानले यो बर्ष मकैको मुल्य राम्रो पाएका छन्। गत बर्ष यो सिजनमा प्रति क्वीन्टल साढे २ हजार रुपयाँमा विक्री गरेका किसानले यो बर्ष ३ हजार बढी मुल्यमा मकै विक्री गर्न पाएका छन्। प्रति केजी ३० रूपयाँको दरले मकै विक्री गर्दा पनि १० अर्व बढी मुल्यको मकै झापामा मात्र उत्पादन हुँदै आएको छ। गत बर्षको कृषि ज्ञान केन्द्र झापाको तथ्याङ्कमा जिल्लामा ३ लाख ५० हजार मे.ट. केजि मकै उत्पादन भएको छ। जसको केजीमा रूपान्तरण गर्दा ३५ करोड केजी मकै हुन जान्छ। ३० रूपयाँ प्रति केजीले हिसाव गर्ने हो भने जिल्लामा एकै सिजनमा १० अर्व ५० करोड मुल्य बराबरको मकै उत्पादन हुने देखिएको छ।

झापा जिल्लामा ५ बर्ष अघि ३९ हजार हेक्टर हाराहारीमा मकै खेती हुन्थ्यो। तर पछिल्लो समय बर्षेनी खेती विस्तार हुँदै गत बर्ष ४४ हजार ३ सय ५० हेक्टर क्षेत्रफलमा खेती भएको कृषि ज्ञान केन्द्र झापाको तथ्याङ्क छ। केही बर्ष यता खेतीसँगै उत्पादकत्व समेत बढ्दै गएको मकै जोन कार्याक्रम संचालन गर्दै आएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यन्वयन इकाइ झापा बरिष्ठ कृषि अधिकृत रविन्द्र सुवेदीले बताउनु भयो। उत्पादकत्व समेत गत आर्थिक बर्षमा प्रति हेक्टर ८ दशमलव ७७ मेट्रिक टन उत्पादन भएको छ।

यो बर्ष मकैमा आवश्यक परेको वेला नेपाल सरकारले उपलव्ध गराउने युरिया मलको भने केही अभाव हुन पुग्यो। तर किसानले भारतबाट मल ल्याएर पनि मकै उत्पादन भने राम्रो गरेका छन्। यो बर्ष अघिल्लो बर्ष भन्दा मुल्य समेत बृद्धि भएको सिमावर्ती क्षेत्र गौरीगंज गाउँपालिका होकलबारीका किसान नरेश हस्दाले बताउनु भयो। गत बर्ष यो सिजनमा २ हजार ६ सय रूपयाँ प्रति क्वीन्टलमा विक्री गरेका उहाँले यो बर्ष ३१ सय ५० रूपयाँ मुल्य पाएको बताउनु भयो।

जिल्लामा अगुवा मकै खेती गर्ने किसानले मकै भाँच्ने, सुकाउने र थन्काउने कार्य शुरु गरेका छन्। तर यो बर्ष वेमौषमीरुपमा आएको हावाहुरीले कतिपय किसानको भने मकैबालीमा क्षति पुर्याएको छ। झापा जिल्लामा केही बर्ष यता कृषि यान्त्रिकरणका कारण पनि मकै खेती बर्षेनी विस्तार हुँदै गएको छ। तर सरकारले उपलव्ध गराउने मल र बजारको ग्यारेन्टी नहुँदासम्म ढुक्कले खेती गर्ने अवस्था नरहेको किसानको भनाइ छ।

रोचक

# भ्रमण उपहारमा बोइङ



**एजेन्सी**/ कतारले अमेरिकालाई सुविधायुक्त विमान उपहार दिएको छ। अमेरिकी एयरफोर्स वन फ्लिटका लागि कतारले बोइङ ७४७ उपहार दिएको हो। पेन्टागनका प्रमुख प्रवक्ता सिन पार्नेलले सबै संघीय नियम र विनियमअनुसार कतारबाट बोइङ ७४७ स्वीकार गरिएको जानकारी दिएका छन्। डबल डेकर रहेको यो विमानमा आणविक विस्फोट सामना गर्न सक्ने र उडानबीच नै इन्धन भर्ने क्षमता छ।

प्लेनमा माथिल्लो डेकमा लाउन्ज र सञ्चार केन्द्र रहेको छ। यस्तै बेडरूमलाई आपतकालीन अवस्थामा मेडिकल युनिटमा परिवर्तन गर्नसक्ने सुविधा छ। स्टाफका लागि बिजनेस क्लासमा १२ वटा अति आरामदायी सिट छन्। यद्यपी विमानलाई अझै केही परिमार्जन गरिनेछ। त्यसपछि यसलाई आधिकारिक रूपमा एयरफोर्स वन-द प्रेसिडेन्टको हवाई यातायातका लागि प्रयोग गर्न सकिनेछ।

ह्वाइट हाउसले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकालपछि यो नयाँ विमान राष्ट्रपति संग्रहालयमा पठाइने बताएको छ। राष्ट्रपतिका लागि प्रयोग गर्नुअघि यो कतारी विमानलाई थप सुरक्षा प्रणालीसहित अपग्रेड गर्न लगभग एक वर्ष लाग्न सक्ने अन्तराष्ट्रि सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन्। विमाान स्वीकार गर्ने ट्रम्पको निर्णयमाथि डेमोक्र्याट र रिपब्लिकन दुवैले नैतिक प्रश्न उठाइरहेका छन्। ट्रम्प स्वयं उपहार लिन चाहन्थे वा कतारीहरूले ट्रम्प प्रशासनलाई प्रभावमा पार्नका लागि उक्ति विमान दिए भन्ने प्रश्न अहिले उठिरहेको छ।

**रबर स्ट्याम्प बनाउने ठाउँ**
**बिजि स्टेशनरी एण्ड छापाखाना**
दमक-६, मोबाइल लाईन।
९८०१४१४५२६/९८४३०३४५२६

स्वास्थ्य

## १. गाईको स्वास्थ्यका लागि:

**क) रोगको रोकथाम: फोहोर गोठमा ब्याक्टेरिया, भाइरस, र ढुसी (फंगस) सजिलै हुर्कन्छन्। यसले गाईलाई विभिन्न रोगहरू लाग्ने जोखिम बढाउँछ ,** जस्तै:

- थुनेलो : फोहोर भुइँ र ओछ्यानले थुनमा संक्रमण गराउन सक्छ।
- खुट्टाको संक्रमण : गोबर र पिसावले भिजेको भुइँमा हिँड्दा खुट्टा पाक्ने वा अन्य संक्रमण हुन सक्छ।
- छालाको रोग: फोहोरको सम्पर्कले छालामा विभिन्न प्रकारका संक्रमण र एलर्जी हुन सक्छ।
- परजीवी नियन्त्रण: फोहोरले जुम्रा, उपियाँ, र अन्य बाह्य परजीवीहरूलाई आकर्षित गर्छ। गोठ सफा राख्दा यस्ता परजीवीको संक्रमण कम हुन्छ।
- श्वासप्रश्वास सम्बन्धी समस्या कम: फोहोर गोठमा एमोनिया ग्यास (पिसाबबाट उत्पन्न हुने) र धुलोको मात्रा बढी हुन्छ, जसले गाईको श्वासप्रश्वास प्रणालीमा नकारात्मक असर पार्न सक्छ र खोकी लाग्ने वा अन्य समस्या निम्त्याउन सक्छ।

## २. दूधको गुणस्तरका लागि:

- स्वच्छ दूध उत्पादन: फोहोर गोठमा गाईको थुन र शरीरमा फोहोर टाँसिन्छ। दुहुँदा यो फोहोर दूधमा मिसिन सक्छ, जसले दूधको गुणस्तर घटाउँछ र दूधमा ब्याक्टेरियाको मात्रा बढाउँछ। यसले दूध छिटो बिग्रने वा उपभोगका लागि अयोग्य बनाउन सक्छ।
- ब्याक्टेरियाको संख्या कम: सफा वातावरणले दूधमा हानिकारक ब्याक्टेरियाको संख्या कम गर्न मद्दत गर्छ, जसले गर्दा दूध उपभोगका लागि सुरक्षित हुन्छ र लामो समयसम्म टिक्छ।

## ३. गाईको आराम र उत्पादकत्वका लागि:

- आरामदायी वातावरण: सफा, सुक्खा र आरामदायी गोठले गाईलाई तनावमुक्त राख्छ। गाईलाई आरामसँग बस्न र सुत्न सहयोग पुग्छ।
- उत्पादनमा वृद्धि: स्वस्थ, आरामदायी र तनावमुक्त गाईले बढी दूध दिन्छन्। उनीहरूको शारीरिक वृद्धि र प्रजनन क्षमता पनि राम्रो हुन्छ।

## ४. कामदारको स्वास्थ्य र सुरक्षाका लागि:

- स्वस्थ कार्य वातावरण: सफा गोठमा काम गर्दा कामदारहरूलाई पनि विभिन्न रोग लाग्ने जोखिम कम हुन्छ। फोहोरबाट सर्ने रोग (zoonotic diseases) बाट बच्न सकिन्छ।
- काम गर्न सजिलो: सफा ठाउँमा काम गर्न सहज र कम अप्रिय, जसले कामदारको मनोबल बढाउँछ।

## ५. कीरा र मुसा नियन्त्रणका लागि:

- झिँगा र लामखुट्टे कम: फोहोर, विशेषगरी गोबर र पिसाबले झिँगा र लामखुट्टेलाई आकर्षित गर्छ। सफा गोठले यिनीहरूको संख्या घटाउँछ, जसले गाईलाई टोक्ने र रोग सार्ने जोखिम कम गर्छ।
- मुसा नियन्त्रण: फोहोर र यत्रतत्र छरिएको दानाले मुसालाई आकर्षित गर्छ। सफा गोठले मुसाको समस्या कम गर्न मद्दत गर्छ।

## ६. दुर्गन्ध नियन्त्रणका लागि:

- कम दुर्गन्ध: सफा गोठबाट कम दुर्गन्ध आउँछ, जसले वरपरको वातावरण पनि स्वच्छ राख्छ र छिमेकीहरूलाई पनि असर गर्दैन।

## ७. आर्थिक फाइदाका लागि:

- उपचार खर्चमा कमी: गाई कम बिरामी पर्दा पशु चिकित्सक र औषधिको खर्च घट्छ।
- उत्पादन नोक्सानीमा कमी: रोग र तनावका कारण हुने दूध उत्पादनमा हुने नोक्सानी कम हुन्छ।

त्यसैले, गाईको गोठलाई नियमित रूपमा गोबर सोहोर्ने, पिसाब बग्ने उचित व्यवस्था गर्ने, सुक्खा राख्ने, र समय-समयमा चुना वा अन्य कीटनाशक प्रयोग गरेर सफा र स्वच्छ राख्नु अत्यावश्यक हुन्छ।

प्रेरणादायी कथा

# 'नकारात्मकलाई सकारात्मकमा बदलौं'

♦ गिरिजाप्रसाद मिश्र

यो कथा एक दुर्गम जिल्ला को हो। एक घरमा गरिबी अवस्थाका वृद्ध बुवा र किशोर अवस्थाको छोरा बस्थे . दिनको दुई छाक टार्न पनि मुस्किल पर्ने परिवारले जसो तसो गरेर बेलुकाको छाक टारे। गोठमा गाइलाई आहार हालेर सुत्नजान्छन्, उक्त राती त्यो गोठमा एक सुन्दर र आकर्षक घोडा आएर बसेछ। बिहान गरिब को गोठ मा घोडा आको कुरा गाउँ भरी फैलिन्छ। गाउले हरु जम्मा हुन्छन् र आकर्षक घोडा हेर्दै भन्छन् बुढा तिम्रा दुःख का दिन गए अब यो घोडा बेचेर धनी बन यो घोडाले तिमी लाई धनी बनाउछ।

अब गाउँलेको कुरा सुनेर ती बृद्धाले भने राम्रो या नराम्रो के भयो त्यो मलाई थाहा छैन तर जे भयो ठिकै भयो। एक कान दुई कान मैदान भएर त्यो घोडाको चर्चा देश भरी फैलियो। राजाले पनि घोडाको चर्चा थाहा पाए पछि घोडा खरिद गर्न टोलि पठाए। बृद्ध सँग उक्त टोलिले बिन्ती बिसायो र भने हामी लाई महाराजले पठाएको हो यो घोडा हामी लैजान्छौ हजुर के माग्नु हुन्छ हामी दिन तयार छौं। त्यो कुरा सुनेर बृद्धले जवाफ दिए म हजुरहरु र माहाराज सँग क्षमा प्राथी छु म यो घोडा दिन सक्दैन भन्दै उक्त टोलि बिदाइ गरेर राजधानी पठाए ।

त्यो कुरा गाउँलेले थाहा पाए र भने बुढा तिमि किन बहुलाएको त्यो घोडा बेचेको भए धेरै पैसा आउथ्यो तिमीले धनी हुने बाटो गुमायौ। आरामले सुख सयलले बस्न पाउने थियौ। गाउँलेका कुरा सुनेर बुढाले जवाफ दिए राम्रो या नराम्रो के भयो त्यो मलाई थाहा छैन तर जे भयो ठिकै भयो। यो कुरा सुनेर गाउले अचम्म मा परे हेर्दा हेर्दै २/३ दिन बिते बुढाको घोडा गोठ बाट हरायो गाउँले फेरि भने हामिले भनेको मानेनौ अब के गर्छौ त बुढा ? फेरि बुढाले जवाफ दिए राम्रो या नराम्रो के भयो त्यो मलाई थाहा छैन तर जे भयो ठिकै भयो। फेरि दोस्रो दिन त्यो सुन्दर र आकर्षण घोडाले आफू जस्तै ५ ओटा सुन्दर घोडा लिएर तेहि गोठमा आयो गाउँलेले भने बुढा तिमी भाग्यमानी रहेछौ, अब यो मैका न गुमाउ।

अब घोडा बेच र सुख सयलमा जीवन बिताउ। बुढाले गाउँलेको कुरा फेरि मानेनन् किशोरा अवस्थाको छोरालाई घोडाको हेरचाह र तालीम दिन लगाए तालीम दिने क्रममा घोडाले लडाएर छोरा को हात भाचियो र छोरा अपांग भयो। गाउँले भने बुढा कसैले भनेको मानेनौ आज यो दिन देख्नको लागि रैछ तिमीले यस्तो गरेको।

बुढाले जवाफ दिए राम्रो या नराम्रो के भयो त्यो मलाई थाहा छैन तर जे भयो ठिकै भयो। गाउँले अचम्म परे र भने बुढा पागल भए छ हिँड घरतिर भन्दै उठेर घर गएर केही महिना पछि देशमा जनआन्दोलन सुरु हुने भयो गाउँका सबै किसोरा अवस्थाका छोरा छोरीले युद्धमा जानू पर्ने भयो सबै युद्धमा गए अपांग छोरा बाहेक।

फेरि गाउँले बुढाको घरमा जमा भए र रुदै भने तिमी धेरै भाग्यमानी रहेछौ बुढा बुढेसकालमा साहाराको लागि छोरा साथमा छ हाम्रा छोराछोरी युद्धमा गएर अब जिवित आउदैनन् होला त्यो सुनेर बुढाले भने तिमीहरु जस्तोसुकै परिस्थितिमा नकारात्मक जोड दिन्छौं म हरेक परिस्थितिमा साकारात्मक तरिकाले सामाना गर्न खोज्छु।

तिमी हरुले पनि आफुले आफूलाई हेर्ने दृस्टीकोण बदि्लयौ भने कहिले पनि दुखी हुदैनौ।

सारांशरु :नकारात्मक भनेको दिमागमा हुन्छ नकारात्मक कहिले पनि स्थितिमा हुदैन लक्ष्य तह गर्नको लागि जे भयो त्यही लाई सकारात्मक ठान्दै अगाडि बढ्ने।

दैनिक राशिफल

आज मिति
२०८२ साल
जेठ ०९ गते
शुक्रबार
22 May 2025
तिथि: एकादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | परिश्रम बढी गर्नु पर्ने। अध्ययन क्षेत्रमा सुधार। |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट सहयोग। आर्थिक पक्ष सवल। |
| मिथुन | का कि कु घ ङ छ के को हा | राज्यपक्षबाट सहयोग। आयमा बृद्धि। |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | सरकार पक्षको भय। अकस्मात केही लाभ। |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पेटमा समस्या। सामान्य धन लाभ |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | जीवनसाथीको प्रगति। व्यवसायबाट लाभ |
| तुला | हि हु हे हो डा डि डु डे डो | कृषि कार्य एवम् किराना पसलबाट धन लाभ |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | पढाईमा समस्या। सामानय धन लाभ |
| धनु | य यो भा भी भ धा फा ढ भे | माताबाट सहयोग। बाहनबाट सुख |
| मकर | भो जा जी खि खू खे खो गा गी | भाइबैनीबाट सहयोग। परामक्रम बढ्ने, धन लाभ। |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | शिक्षामा रुची। व्यवसायबाट लाभ |
| मीन | दि दु थ झ ञ दे दो चा ची | धन लाभ। मित्रबाट सहयोग। |

# व्यापार घाटा साढे १२ खर्ब नाघ्यो

**झापा**/चालु आर्थिक वर्षको साउनदेखि वैशाखसम्म (१० महिना) मा १६ खर्ब ९२ अर्ब ९ करोड रुपैयाँ बराबरको कुल वैदेशिक व्यापार भएको छ। गत वर्षको तुलनामा १८.३७ प्रतिशतले व्यापार बढेको भन्सार विभागको आज प्रकाशित तथ्यांकमा उल्लेख छ । गत वर्षको यस अवधिमा १४ खर्ब २९ अर्ब ५३ करोड रुपैयाँ बराबरको व्यापार भएको थियो ।

चालु वर्षको १० महिनाको अवधिमा आयात निर्यात दुवैको वृद्धिसँगै वैदेशिक व्यापार बढेको छ। ८७.१२ प्रतिशतको आयात हुँदा १२.८८ प्रतिशत निर्यात भएको छ। यसअनुसार देशको व्यापार घाटा साढे १२ खर्ब नाघेको छ। वैशाख मसान्तसम्म १२ खर्ब ५६ अर्ब २७ करोड रुपैयाँ बराबर वैदेशिक व्यापार घाटामा गएको विभागको तथ्याङ्कमा उल्लेख छ । जबकि अघिल्लो वर्षको यसै अवधिमा ११ खर्ब ७७ करोड १८ लाख रुपैयाँ रहेको थियो ।

चालू वर्षको वैशाख मसान्तसम्ममा १४ खर्ब ७४ अर्ब १८ करोड रुपैयाँको वस्तु आयात भएको विभागको तथ्याङ्कमा उल्लेख छ। अघिल्लो वर्षको यसै अवधिमा १३ खर्ब ३ अर्ब ३५ करोड रुपैयाँको वस्तु आयात भएको थियो । जसअनुसार आयातमा १३.११ प्रतिशतले वृद्धि भएको देखिन्छ। साथै यो वर्षको वैशाख मसान्तसम्म निर्यातमा ७२.७१ प्रतिशतले वृद्धि भएको छ । विभागका अनुसार वैशाखसम्म २ खर्ब १७ अर्ब ९१ करोड रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ । गत वर्षको यसै अवधिमा १ खर्ब २६ अर्ब १७ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको थियो ।

# खोरमा थुनिएका बालकको उद्धार

**धनकुटा/** दुई महिनादेखि खोरमा थुनिएका तेह्रथुमको फेदाप गाउँपालिका-१ का एक बालकको बुधबार साँझ उद्धार गरिएको छ । धनकुटाको छथरजोरपाटी गाउँपालिका-५, परेवादिनस्थित ससुरालीघर बस्ने सोमकुमार लिम्बूका ८ वर्षीय सुहाङ लिम्बूलाई मानसिक सन्तुलन ठीक नभएको भन्दै परिवारले खोरमा थुनेर राखेको थियो । सामाजिक सञ्जालमा उक्त जानकारी पाएपछि प्रहरी चौकी सिधुवाबाट खटिएको टोलीले बालकको उद्धार गरेको हो ।

टाटी बेराले बनाएको गोठसमेत भत्काउन लगाएर बालकलाई अभिभावकको साथ मानवीय तरिकाले राख्न परामर्श दिइएको जिल्ला प्रहरी प्रवक्ता डीएसपी ओमप्रकाश खनालले बताए ।

'मानसिक सन्तुलन ठीक नभएको भन्दै टाटीको बेराको गोठ बनाई २ महिनादेखि थुनेर राखेको रहेछ,' उनले भने, 'सामाजिक संजालबाट सूचना प्राप्त हुनासाथ बालकलाई उद्धार गरिएको हो ।' बालकलाई बिहीबार स्थायी ठेगाना तेह्रथुममा लगेर जन्मदर्तालगायत आवश्यक कागजपत्र बनाई उपचारका लागि काठमाडौंतर्फ पठाउन समन्वय भइरहेको उनले बताए ।

# निजामती विधेयकबाट कुलिङ पिरियड हटाउन माग

काठमाडौं । मुख्यसचिव एकनारायण अर्याललगायत २० जनाभन्दा धेरै सचिवहरूले सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाललाई भेटेर निजामती विधेयकमा राखिएको दुई वर्षको 'कुलिङ पिरियड' व्यवस्था हटाउन माग गरेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवामार्फत राज्य व्यवस्था समितिलाई दबाव दिन लगाएका सचिवहरूले सभामुख र राष्ट्रियसभाका अध्यक्षमार्फत पनि दबाव बढाएका हुन् । निजामती सेवाको उच्च तहबाट अवकाश पाएको दुई वर्षसम्म संवैधानिक, कूटनीतिक र राजनीतिक नियुक्ति नपाउने गरी कुलिङ पिरियड राखिएकोमा सचिवहरूले असन्तुष्टि व्यक्त गरेका छन् । यसबाट कर्मचारीहरूलाई मर्का पर्ने उनीहरूको भनाइ छ ।

दुई वर्षे कुलिङ पिरियडको व्यवस्थासहितको विधेयक प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट जेठ २ गते सर्वसम्मतिले पारित भइसकेको छ ।

यसैबीच राष्ट्रियसभाका अध्यक्ष दाहालसँगको भेटपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले कर्मचारीहरूलाई अयोग्य गराएर अवकाश गराउन उपयुक्त नहुने आफूहरूको आग्रह रहेको बताए ।

नियुक्ति गर्ने कि नगर्ने भन्ने कुरा सम्बन्धित निकाय, सरकारले गर्नसक्ने भन्दै महासचिव पाण्डेयले अवकाश पाएपछि दुई वर्षसम्म नियुक्ति हुन नपाउने विषयले कर्मचारीको अपमान हुने बताउनुभयो । यस्तै यो संविधान विपरीत व्यव्सथा हुने उहाँको जिकिर छ ।

# कोशी शिक्षा क्षेत्रको उत्कृष्ट पालिका इलामको रोङ

**इलाम**/ इलामको रोङ गाउँपालिका शिक्षा क्षेत्रमा कोशी प्रदेशकै उत्कृष्ट पालिकाका रूपमा छनौट भएको छ। देशभरका सामुदायिक विद्यालयका प्रधानाध्यापकको संस्था प्रिन्सिपल्स एसोसिएसन अफ् नेपाल (प्यान) ले रोङ गाउँपालिकालाई शिक्षा क्षेत्रमा गरेको योगदानका आधारमा कोशी प्रदेशको उत्कृष्ट पालिकाका रूपमा छनौट गरेको हो ।

एसोसिएसनले शिक्षा क्षेत्रमा अतुलनीय योगदान गरेका उत्कृष्ट पालिका, विद्यालय र प्रधानाध्यापकलाई पुरस्कृत गर्न गठित मूल्याङ्कन समितिले कोशी प्रदेशमा रोङ गाउँपालिकालाई छनौट गरेको बिज्ञप्तीमा जनाएको छ। प्राध्यापक डाक्टर बिद्यानाथ कोइरालाको संयोजकत्वमा गठित समितिले बिभिन्न २५ वटा मापदण्डका आधारमा रोङ गाउँपालिकालाई छनौट गरेको प्यानका अध्यक्ष सुदाम प्रसाद गौतमले जानकारी दिए। प्यानले जेठ २६ गते पोखरा सभा गृहमा कार्यक्रम गरी पुरस्कार तथा सम्मानपत्र वितरण गर्ने जनाएको छ । शिक्षाका सूचकमा शिक्षामा गरेको लगानीमा ३० अङ्क, नि:शुल्क र समावेशी शिक्षामा १० अङ्क, दीर्घकालीन योजनामा १० अङ्क, असल अभ्यासमा २० अङ्क, प्राविधिक सञ्चालनमा १० अङ्क, स्थानीय पाठ्यक्रम तथा प्रविधिमा १० अङ्क र सुशासनमा १० अङ्क गरी मूल्याङ्कन गरेको थियो ।

रोङ गाउँपालिकाले प्रविधिमैत्री विद्यालय निर्माण गरी अभिभावक शिक्षा लागु गरेको छ । यस पालिकामा महिनामा एक दिन बिद्यार्थी घर बसेर अभिभावक पढन बिद्यालय जाने गरेको गाउँपालिकाका शिक्षा शाखा प्रमुख श्रुती तामाङले जानकारी दिइन। पालिकाले विज्ञान प्रदर्शनी, बाल बचत खाता सञ्चालन गर्दै आएको गाउँपालिकाका अध्यक्ष मनिकुमार स्याङबोले जानकारी दिए।

बाल बचतमा एक करोड हजारी रकम जम्मा भैसकेको छ। उनले भने 'शिक्षालाई हामीले निक्कै प्राथमिक्ता दिएका छौं, यो मुल्याङ्कनले काम गर्ने साथीहरु र पालिकालाई हौसला मिलेको छ।' पालिका भित्र ३० वटा सामुदायिक र २ वटा संस्थागत विद्यालय रहेका छन् । गत बर्ष इलामकै सूर्योदय नगरपालिका उक्त कार्यक्रममा उत्कृष्ट बनेको थियो।

# वाइसीएल प्रदेश अध्यक्षमा फियाक निर्वाचित

**धरान/** नेकपा माओवादी केन्द्र निकट योङ कम्युनिष्ट लिग (वाइसीएल ) नेपालको प्रदेश अध्यक्षमा इलाम जिल्ला निवासी विक्रम बाबु फियाक निर्वाचित भएका छन् ।

सुनसरीको इटहरीमा सम्पन्न प्रथम प्रदेश सम्मेलनबाट अक्ष्यक्ष पदमा फियाक निर्विरोध निर्वाचित भएका हुन् । फियाकको नेतृत्वमा ७७ सदस्यीय वाइसीएल प्रदेश कमिटी निर्वाचित भएको हो । सर्वसम्मत निर्वाचित कमिटीको द्धयउपाध्यक्षमा दिलविक्रम लिम्बू , टाइसन केरुङ,सचिवमा शुभलाल राई तथा छ सहसचिवमा इश्वर पोख्रेल, टेकबहादुर रसाइली, उषा परियार, जनक ल्वागुन, जगत मगर र रोहित आङ्बो चुनिएका छन् । कोषाध्यक्षमा युवराज राई निर्वाचित भए । प्रदेश सम्मेलनको नेकपा (माओवादी केन्द्र) उपमहासचिव हरिबोल गजुरेलसहित प्रदेशका पार्टी नेताहरूको उपस्थिति रहेको थियो ।

## श्रीमतिको हत्या आरोपमा श्रीमान पक्राउ

**जनकपुर/** धनुषामा श्रीमतीको हत्या गरी फरार रहेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। हत्याको करिब दुई महिनापछि प्रहरीले जिल्लाको लक्ष्मिनीयाँ गाउँपालिका-५ बनिनियाँका ४० वर्षीय हरिराम यादवलाई पक्राउ गरी सार्वजनिक गरेको हो। हरिरामले गत चैत १७ गते दिउँसो करिब १ बजे २५ वर्षीया श्रीमती अञ्जली यादवको हत्या गरेर कुल देवताको पूजा गर्ने स्थानमा खाल्डो खनेर शव गाडेर माथिबाट ढलान गरेका थिए ।

## दुई प्रहरी अधिकृत सगरमाथाको सफल आरोहरणपछि बढुवा

दमक । नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका दुई अधिकृत सगरमाथाको सफल आरोहरण गरेर फर्किएका छन् । नेपाल प्रहरीकी सहायक निरीक्षक कुञ्जाङ छोपेल शेर्पा र सशस्त्र प्रहरी बलका सहायक निरीक्षक दन्तबहादुर छत्यालले सफलतापूर्वक सगरमाथाको आरोहण गरेर फर्किएका हुन । शेर्पालाई नेपाल प्रहरीले सम्मान गर्दै एक तह बढुवा समेत दिएको छ । प्रहरी महानिरीक्षक दीपक थापाले विशेष बढुवामार्फत शेर्पालाई सहायक निरीक्षकबाट प्रहरी नायब निरीक्षकमा बढुवा गरेका छन ।

त्यस्तै सशस्त्र प्रहरी बलका सहायक निरीक्षक छत्याल पनि जेठ ४ गते सगरमाथाको चुचुरोमा पुग्न सफल भएकी छन । वैशाख १५ गते आरोहणका लागि प्रस्थान गरेकी छत्याल जेठ ४ गते बिहान ९:२० मा चुचुरोमा पुग्न सफल भएकी हुन ।

उनले सगरमाथा संवाद र सशस्त्र प्रहरी बलको झण्डा सगरमाथाको चुचुरोमा फहराउनुभएको थियो । छत्याललाई पनि साहसिक काम गरेर अरूलाई पनि हौसला दिएको भन्दै एक तह बढुवा दिइएको छ । सशस्त्र प्रहरी महनिरीक्षक राजु अर्यालले बिहीबार सशस्त्र प्रहरी नायब निरीक्षकको दर्ज्यानी चिह्न प्रदान गरेर बढुवा गरेका हुन् ।

***मेची*****.....**जानकारी दिए । यहाँबाट चालु आवको १० महिनामा रु २१ अर्ब ४५ करोड ९३ लाख २३ हजार बराबरको वस्तु निर्यात हुँदा रु १९ करोड ८९ लाख ६८ हजार राजस्व सङ्कलन भएको छ ।
सोही अवधिमा रु ३८ अर्ब ८८ करोड ७८ लाख ११ हजार बराबरको वस्तु आयात गर्दिंदा रु १२ अर्ब ७४ करोड ३० लाख ९२ हजार राजस्व सङ्कलन भएको छ ।

***सहमतिपछि*****.....**यस्तै, फोहोरको दीर्घकालीन व्यवस्थापन नभएसम्म व्यवस्थापन गर्ने, फोहोर छोपेर लैजाने, फोहोर स्रोतमा नै कुहिने र नकुहिने छुट्याएर लैजाने सहमति भएको पनि उनले बताए। यस्तै, फोहोर प्रशोधन क्षेत्रमा छरपस्ट रहेको फोहोरलाई गन्ध नआउने गरी पुर्ने, किटनासक औषधि छर्कने सहमति भएको छ । सहमतिसँगै अव उप्रान्त आउने दिन यस्ता गुनासो आउन नदिन समन्वय गर्ने सहमति भएको वडाध्यक्ष राईले जानकारी दिए ।

***नहरमा*****.....**बुधबार दिउँसो मृत अवस्थामा स्थानीयले देखेर इलाका प्रहरी कार्यालय हरैचामा जानकारी गराएका थिए । प्रहरीले घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान थालेको छ ।

***रेलमार्ग*****....**हेपाहा चाला हो अब संघर्षको विकल्प नभएकोले पिडीत एक भएर आन्दोलनमा जुट्नुपर्ने अवस्था आयो ।'

झापा, मोरङ्ग र सुनसरीमा रोक्का गरी राखेको ८ सय ३ विगाह जमिन मध्ये आधा भन्दा धेरै झापामा पर्दछ । काँकडभिट्टा-इनरूवा खण्डको झापा, मोरङ र सुनसरी जिल्लाका १८ पालिका अन्तर्गत ६३ वटा वडाका स्थानीयको सयौं बिघा जग्गा रोक्का राखिएको छ । रेल योजना शुरू भएको ५ बर्ष लागिसक्दा समेत मुआव्जा वितरण नहुँदा ठूलो समस्या भएको पीडितहरूको गुनासो छ । झापाको घैलाडुब्बा मन्त्रीबारीकी पिडित गीता अधिकारीले भनिन्- 'जग्गा रोक्का हुँदा न बेच्न पाइयो, न घर बनाएर बस्न ढुक्क छ, तनाब बढी भएर बुबा विरामी हुनुभयो, बुबा तनाबकै कारण परलोकको बाटो रोज्नुभयो, भर्खरै काम सकेर फर्कियौं । मान्छेले आफ्नो सम्पत्तीको सदुपयोग गर्नसमेत नपाउनु न मर्दा नै काम लाग्यो, कतिसम्मको अन्याय हो यो ?' उनले प्रश्न गरिन ।

रेलवेले झापाको कमलमा मात्रै ३, ४ र ६ वडा प्रभावित बनाएको र त्यसमध्ये पनि वडा नं ६ मा वढी पिडित रहेका छन् । दशौं हजार मानिसहरूको जग्गा रोक्का हुँदा जग्गाको कारोवार सवै ठप्प भएको छ ।

काँकडभिट्टा इनरूवा रेलमार्ग निर्माणका लागि दमकमा स्थापना गरेको कार्यालयले काम नगरेको स्थानीय बताउँछन् । यहाँ कार्यालय खोलेको बेला २२ जनाको दरबन्दी थियो । अहिलेसम्म सो कार्यालयले केही काम गर्न सकेको छैन ।

***जीवी*****.....**रूपन्देहीको फैसला उल्टाउँदै थुनामा पठाउने आदेश दिएपछि उनलाई पक्राउ २२ चैतमा पक्राउ गरिएको थियो । यसपछि लामिछानेकी श्रीमती निकिता लामिछाने पौडेल ७ वैशाखमा बन्दी प्रत्यक्षीकरणको रिट लिएर सर्वोच्च पुगेकी थिइन् । अहिले लामिछानेको मुद्दाको न्यायाधीशद्वय नकुल सुवेदी र बालकृष्ण ढकालको इजलसामा सुनुवाइ भइरहेको छ ।


## झापा डाइग्नोस्टिकको सेवा

**रेडियोलोजिष्टको क्षेत्रमा लामो अनुभव प्राप्त गरी भरपर्दो सेवा प्रदान गर्दै आउनु भएका चिरपरिचित डा. तिलकचन्द्र शाहको भिडियो एक्सरे क्लिनिक ( झापाडाइग्नोस्टिक) हिमाल फार्मेसीबाट दमक प्रहरी थाना अगाडि इसा कम्प्लेक्समा सरेको आम सेवाग्राहीमा जानकारी गराउँदछौं ।**

: सम्पर्क नम्बर:
**९७०४५४४८९९/०२३-५७७४१४**



अत्याधुनिक प्रविधिद्वारा उत्पादित

## नयाँ झापाली इटा बजारमा

झापाली इटा

**ठूलो साइजको ईटा उपलब्ध छ ।**

सम्पर्कका लागि: **दमक**: ०२३-५८०९१४
**जनक कार्की** : ९८५२६७०१७४/९८०१४०१४४१
**भगवान बस्नेत** : ९८५२६७००३१
भट्टा सम्पर्क : ९८०१४१४०४२/९८०१४०१४०



## ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
**९८०६०१०४१०**


## श्री हिमाञ्चल बचत तथा ऋण सहकारी संस्था लि. दमक-१, झापाको प्रकाशित सूचनामा भूलसुधार

हिमाञ्चल बचत तथा ऋण सहकारी संस्था लि. दमक-१ बाट कर्जा लिई भाखा नाघी पटक-पटकको तागेता गर्दा पनि ऋण चुक्ता नगर्ने ऋणीहरुको नाममा ३५, १५ र ७ दिने सूचना धितो लिलाम समेतको सूचना पत्रिकामा प्रकाशित गर्दा पनि ऋण चुक्ता नगरेकाले लिलाम प्रकृया अगाडि बढी सकेको छ ।यस सन्दर्भ पत्रिकामा सूचना प्रकाशित गरिरहँदा ऋणी र धन जमानी दिने श्रीमान र श्रीमतीको नाम उल्टो पर्न गएकोमा सच्याइएको छ। सच्याइको नाम, थर र ठेगानामा ऋणी मुना भण्डारी र धनजमानी दिनेमा दिनेश भण्डारी र धितो पनि दिनेश भण्डारी भएको जानकारी गराउँदछौं ।

**नेपाल सरकार**
**गौरादह नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गौरादह, झापाको**

## खुल्ला ब्यायामशाला सामग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

***सुचना प्रकाशित मितिः २०८२/०२/०८ गते ।***

यस नगरपालिकाको लागि चालु आ.ब. २०८१/०८२ का लागि आवश्यक पर्ने खुल्ला ब्यायामशाला सामग्री सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इच्छुक फर्म/कम्पनी वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

- ♦ दरभाउपत्र फारम खरिद गर्न नविकरण गरिएको फर्म तथा कम्पनी दर्ता प्रमाण पत्र, सामान बिक्री गर्ने इजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र र मुल्यअभिबृद्धि कर दर्ता प्रमाण, नागरिकताको प्रमाण पत्र, आ.ब. २०८१/८२ को कर चुत्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र रु १०००/-अक्षरेपि रु.एक हजार मात्र (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कले रसिद निवेदनसाथ रु १०/- को हुलाक टिकट टाँसि संस्थाको प्रोपाईटर वा निजको अधिकृत प्रतिनिधिले दरभाउपत्र फारम खरिद गर्न सक्नेछ । दरभाउपत्र यस कार्यालयबाट कार्यालय समयमा सम्पर्क गरी खरिद गर्न सकिने छ ।
- ♦ खरिद गरेको दरभाउपत्र रितपूर्वक भरी सिलबन्दी गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ र दर्ता हुन आएका दरभाउपत्र फारम सरकारी प्रतिनिधिहरु र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यो सूचना प्रकाशन भएको मितिले १६औं दिन दिनको २.०० बजे यस कार्यालयमा खोलिनेछ । सिलबन्दि दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
- ♦ सिलबन्दी दरभाउपत्रमा जमानत वापत इस्टिमेट अंकको ३ प्रतिशत (तीन प्रतिशत) ले हुन आउने रकम मान्यता प्राप्त 'क' बर्गको बाणिज्य बैंकको जमानतपत्र वा यस कार्यालयको एन आइ सि एसिया बैंक गौरादह शाखाको धरौटी खाता नं.GA3 87CA750361152401 मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर दरभाउ पत्र साथ पेश गर्नु पर्ने छ । वा कम्तिमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी मान्यता प्राप्त बैंकको जमानत पत्रको सक्कल प्रति पेश गर्नुपर्नेछ ।
- ♦ दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेको खण्डमा सोको भोलिपल्ट कार्यालय समय भित्र हुनेछ ।
- ♦ दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा माग गरे अनुसार म्याद भएको जमानत पत्र सक्कलै पेश गर्नुपर्नेछ ।
- ♦ सिलबन्दी दरभाउपत्र दाताले कबोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दरलाई मान्यता दिईनेछ । केरमेट वा थपघट गर्नु पर्ने भएमा बुझिने गरि सो काटिएको वा थपिएको स्थानमा दायाँ, बायाँ आधिकारिक व्यक्तिको हस्ताक्षर र संस्थाको छाप हुनुपर्नेछ ।
- ♦ आ.व. ०८१/०८२ का लागि खुल्ला ब्यायामशाला सामग्री खरिदमा कार्यालयको मागको आधारमा रकम थप-घट हुन सक्नेछ । अन्य थप रकमको व्यवस्था भई आएमा यसै दररेट अनुसार खरिद हुनेछ । दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व.का लागि भएकाले आगामी असार मसान्त सम्म कुनै प्रकारको मूल्यबृद्धिलाई स्वीकार गरिनेछैन ।
- ♦ कार्यालयबाट सिलबन्दी दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र फारम खरिद गर्नुपर्नेछ । आधिकारिक दस्तखत र कार्यालयको छाप नलागेको वा फोटोकपी दरभाउपत्र फारम मान्य हुनेछैन ।
- ♦ रित नपुगेको, म्याद नाघि आएको वा कुनै किसिमको शर्त राखि प्राप्त हुन आएको सिलबन्दि दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।
- ♦ पेश हुन आएका दरभाउपत्रहरु पूर्ण वा आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै दरभाउपत्रमा उल्लेखित सामानको परिमाणमा थप/घट हुन सक्नेछ ।
- ♦ यस कार्यालयमा सामान आपूर्ति गर्दा लाग्ने ढुवानी, प्याकिङ्ग तथा अन्य खर्चहरु दरभाउपत्रदाता स्वयम्ले व्यहोर्नु पर्नेछ ।
- ♦ खुल्ला ब्यायामशाला सामाग्री यसै सुचनामा संलग्न प्राबिधिक स्पेशिफिकेशन बमोजिम पेश गर्नुपर्नेछ ।
- ♦ प्राबिधिक स्पेशिफिकेशन गौरादह नगरपालिकाको वेबसाइड https://gauradahamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।
- ♦ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।
- ♦ शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२/५८१७०७, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत